## डाउन सिड्रोम भनेको के हो?

मानब शरिरको प्रत्येक कोषहरुमा अन्य साधारण अवस्थामा भन्दा एउटा बढि क्रोमोजोम रहन जाने अवस्थालाई डाउन सिड्रोम भनिन्छ। अर्थात, सामान्य शरिरमा ४६ वटा क्रोमोजोम २३ जोडिमा मिलेर रहेको हुन्छ , तर डाउन सिड्रोम अवस्थाका बयक्तिहरुमा ४७ वटा क्रोमोजोम रहेको हुन्छ। यो एउटा बढी क्रोमोजोम २१ औं जोडिमा देखिने भएकोले यसलाई ट्राइसोमी २१ पनि भनिन्छ । यो अवस्था हुन सक्ने समभावना छोरा र छोरी दुवैमा बराबर हुन्छ। डाउन सिड्रोम जन्मजात अवस्था पनि हो जसमा बच्चा गर्वमा रहंदा देखी नै यो अवस्थाको बिकाश भईसकेको हुन्छ।

क्रोमोजोमले यस अवस्थाका व्यक्तिको जिन्दगीमा धेरै ठुलो भुमिका निर्वाह गर्ने भएकोले यिनीहरु अरु सामान्य बच्चा भन्दा केही फरक देखिन्छन्। बौद्धिक र शारिरिक विकास पनि ढिलो भइरहेको हुन्छ। स्वास्थ समस्या अरुमा भन्दा यस अवस्थाका व्यक्तिमा केही बढि देखिन्छ।

तर डाउन सिड्रोम अवस्थाका केटाकेटीको जन्म हुनुमा कुनै एक अभिभावकको मात्र दोष हुदैन। एक अन्तराष्ट्रिय अनुसन्धानको अनुसार यो अवस्था बुबा तथा आमा मध्ये जसको बंशबाट पनि बच्चामा आउन सक्दछ र आमाको उमेर ३५ बर्ष नाघेपछि गर्वधारण गर्दा यस अवस्थाका बच्चाहरुको जनम हुने सम्भावना बढि रहन जान्छ।

अन्तराष्ट्रिय अनुसन्धान अनुसार प्रत्येक ६९१ बच्चाको जन्म क्रममा १ जना बच्चाको जन्म भइरहेको छ।

डाउन सिड्रोमको छोटो इतिहास

बिशेषज्ञहरुको भनाई अनुसार सिड्रोम धेरै प्रकारका हुन्छन् र सिड्रोम भनेको त्यसतो अवस्था हो जसलाई हामी धेरै असामान्य अवस्थाको थुप्रो भनेर बुझ्न सक्छौ। त्यसैले इ.सं. १८६६ मा वेलायती डाक्टर जोन ल्याड डाउनले यो अवस्थाको बारेमा पत्ता लगाएकाले यस अवस्थाको अगाडी डाक्टरको नाम डाउन लेखी यस्को नामकरण डाउन सिड्रोम नाम रहन गएको हो।

## डाउन सिण्ड्रोम अवस्था तिन प्रकारका हुन्छनः

१. ट्राइसोमी २१

२. ट्रान्स लोकोशन

३. मोजियाक

डाउन सिड्रोम अवस्था को प्रकार पत्ता लगाउनको लागि रक्त परिक्षण गरीनु पर्दछ। जसलाई क्यारियोटाइपिङ परिक्षण भनिन्छ। यदि कुनै परीवारमा पहिला नै डाउन सिड्रोम अवस्थाका व्यक्तिको जन्म भइसकेको छ भने अर्को सन्तान जन्माउदा बिशेषज्ञको सल्लाह लिनु उत्तम हुन्छ।

## डाउन सिण्ड्रोम अवस्थाका बच्चा/व्यक्ति कस्तो देखिन्छ ?

डाउन सिण्ड्रोम अवस्था भएका बच्चाहरुमा हामी केही लक्षणहरु स्पष्ट देखिन्छ जसले यो बच्चाको अवस्था डाउन सिण्ड्रोम हो की भनेर थाहा पाउन सहयोग हुन्छ। तर पक्का हो की हैन भनेर पत्ता लगाउन यिनीहरुको क्रोमोजोम परिक्षण गर्नु पर्दछ जसलाई क्यारीयोटाइपीइ परिक्षण भनिन्छ। यो अवस्था जुनसुकै जाती धर्म वर्गमा पनि पाईन्छ र बच्चाहरु ठूलो हुदै गएपछि अनुहार तथा शारीरीक बनोटमा धेरै समानता देखिन थाल्दछ । डाउन सिड्रोम अवस्थामा देखिने लक्षणहरु निम्न अनुसार छन :

१. जन्मदा कम तौल

२. जोर्नीहरु खुकुलो हुनु

३. मांसपेशीहरु खुकुलो हुनु

४. गोलो अनुहार

५ आखाँ अली छडके भएको हुनु (बादम आकारको)

६. नाक सानो र डाँडी नभएको

७. खाने मुख सानो हुनु

८. मुख भित्र को तालुमा गहिरो खाल्डो हुनु

९. जिब्रो प्राय बाहिर निकाली रहने

१०. जिब्रो चुसिरहने

११. जिब्रो मोटो र फुटेको जस्तो देखीने

१२. कान सानो हुने

१३. टाउको सानो र पछाडीको भाग फराकिलो हुनु

१४. दाँत मिलेर नआउनु र कुनै कुनै आउदैं नआउने

१५. हात र खुट्टाको पाखुरा र पिडौलाको लम्बाई छोटो हुनु

१६. छाती परेवाको जस्तो उठेको हुनु

१७.	पेट केही ठूलो आकारको हुनु

१८.	हात खुट्टा भ्यात परेको हुनु

१९.	औलाहरु छोटो र मोटो हुने

२०.	गर्दन छोटो र मोटो हुनु

२१.	छाला सुख्खा र एलर्जि छिट्टै छिट्टै देखा पर्ने हुन्छ ।

२२.	खुट्टाको बुढीऔला र अरु औला बिच फराकीलो हुनु

२३.	उचाई कम हुनु

माथी उल्लेखित लक्षणहरु डाउन सिड्रोम अवस्थाका व्यक्ति तथा केटाकेटीहरुमा पुर्ण वा आंशिक रुपमा देखा पर्न सकछ ।

## के यो अवस्थालाई पुरै ठिक गर्न सकिन्छ ?

डाउन सिण्ड्रोम भनेको रोग होइन र यो कसैलाई सर्दैन । यो प्रकृतिको अपरिवर्तनीय अवस्था हो जुन जन्मजात नै बच्चा सग नै आएको हुन्छ । यस विषयमा अन्तराष्ट्रिय स्तरमा अनुसन्धान जारी नै छ तर अझै सम्म पनि यसलाई निको पार्ने तरिका पत्ता लागीसकेको  छैन ।

## के डाउन सिण्ड्रोम अवस्थाका केटाकेटी तथा व्यक्तिहरु स्वस्थ्य हुन्छन ?

यी बच्चाहरुको स्वास्थ्य सामान्य स्तरमा राम्रै हुन्छन तर केही स्वास्थ्य समस्याका कुराहरु छन जुन यी बच्चाहरुमा देखीनु स्वाभावीकै छ । त्यसैले हरेक अविभावकहरुले आफ्नो घरमा यी अवस्थाका वच्चा आईसकेको स्थितीमा यस विषयमा जानकारी/शिक्षीत हुन खोज्नु अति नै आवश्यक हुन्छ । आफना बच्चाहरुलाई समय समयमा जाच गराई राख्न पनि अत्यन्तै जरुरी छ बच्चाहरुको जाँच निश्चित समयको अन्तरालमा गरिनु पर्छ जसले गर्दा कुनै पनि समस्या समय मा नै पत्ता लागोस र समयमा नै त्यसको उपचार गराई बच्चाको जिवन सुरक्षित गर्न सकिन्छ ।


सानो टाउको र गोलो अनुहार
आंखाको कुनाको छाला दोब्रिएको
नेप्टो तथा डांडी नभएको जस्तो नाक
खुट्टाको बुढि औंला फाटिएको
हात र खुट्टाको औंलाहरु मोटो तथा छोटो
जिब्रो मोटो र बाहिर निस्किईरहने
सानो कान